# आश्विन ४ गते कार्यपालिका बैठकको निर्णय

**निर्णय नं. १ :-** यस नगरपालिका क्षेत्रभित्र रहेका मूख्य सडक तथा सहायक सडकहरु वर्षातका कारण खाल्डाखुल्डि परी सवारी साधन , साईकल यात्री तथा पैदल यात्रीहरुलाई नियमित आवागमनमा कठिनाई परेको र दुर्घटनाको सम्भावना बढेर गएको हुँदा त्यस्ता किसिमका सडकहरुको सम्बन्धित वडाका प्राविधिक कर्मचारीबाट अनुमानित लागत ईष्टिमेट तयार गरी कार्यपालिका कार्यालयमा पेश गर्ने साथै यस आ.व.को स्वीकृत कार्यक्रममा नपरेका योजनाहरुलाई प्राथमिकतामा राखी चालु आ.व. ०७६/७७ भैपरी पूंजीगत शिर्षकबाट खर्च ब्यहोर्ने गरी उक्त सडकहरु मर्मत गर्ने ।

**निर्णय नं. २ :** यस नगरपालिकाको कार्यपालिका कार्यालयको प्रशासनिक भवन तथा वडा कार्यालयहरुमा सुरक्षा सम्बेदनशिलतालाई मध्येनजर गरी सि.सि. क्यामेरा जडान गर्नुपर्ने आवश्यकता देखिएकोले लागत ईष्टिमेट /ईष्फिकेशन बमोजिम हुन आउने रकम यस नगरपालिकाको चालु आ.व. ०७६/७७ मा कार्यक्रम खर्च पूंजीगत शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ३ :-** सुदूरपश्चिम प्रदेश,जिल्ला बैतडि, शिगास गाउँपालिका-९ चौखाम निवासी श्री मनोज चन्दले आफू दुवै हात, खुट्टा, मुख र कुहिनोले उल्टो सुल्टो लेख्न सक्ने क्षमता भएको र आफू सँग भएको क्षमताबाट विश्वकिर्तिमान राख्ने चाहाना रहेको साथै देश तथा विदेशमा प्रर्दशन गर्ने क्रममा अवको प्रस्तुती जापान, कोरिया र अष्ट्रेलियामा रहेकोले आर्थिक सहयोगको आवश्यकता परेकोले रकम उपलब्ध गराई पाउँ भनि नगरपालिकामा निवेदन पेश गर्नु भएकोले निजलाई प्रोत्साहन स्वरुप रु. २५,०००।-(पच्चीस हजार ) उपलब्ध गराउने ।

**निर्णय नं. ४ :** यस नगरपालिका क्षेत्रमा रहेका तपसिल बमोजिमका सामुदायिक संघसंस्थाको संस्थागत क्षमता अभिबृद्धिका लागि संरचनागत पूर्वाधार निर्माणका लागि पटक पटक अनुरोध हुँदै आईरहेको र उक्त संस्थाको अधुरो रहेको भवन निर्माणका लागि भैपरी पूंजिगत शिर्षकबाट तपसिल बमोजिम बजेट विनियोजन गर्ने ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | लागत सहभागिता | अनुमानित जम्मा लागत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक रेडियो टीकापुर एफ.एम.को अधुरो भवन निर्माण | ५,००,०००। | ७५,०००। | ५,७५,०००। | |
| २ | टीकापुर सामुदायिक पुस्तकालयको अधुरो भवन निर्माण | ३,४३,४००। | ६०,६००। | ४,०४,०००। | |

**निर्णय नं. ५ :-** यस नगरपालिकामा संस्कृतिका रुपमा विकास भएका र सामुहिक रुपमा मनाईने विभिन्न पर्व तथा उत्सवहरु संचालन तथा व्यवस्थापनका लागि आर्थिक रकमको माग भई विभिन्न वडा तथा सम्बन्धित शाखा/उपशाखा/संघ संस्थाबाट निवेदन/प्रस्तावना पेश भएकोमा त्यस प्रकारका कार्यक्रम संचालन भईसकेको र आर्थिक दायित्व रहिरहेको सन्दर्भमा चालु आ. व. ०७६/७७ का लागि **विभिन्न दिवस, सभा, समारोहहरु, उत्सव र स्थानीय संस्कृति प्रवर्द्धन कार्यक्रम संचालनमा** विनियोजित बजेटबाट तपसिल बमोजिम रकम उपलब्ध गराउने ।

| क.सं | कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | हरितालिका तिज कार्यक्रम, २०७६<br>केन्द्र<br>वडा नं ४<br>वडा नं ५<br>वडा नं ७<br>वडा नं.८ | <br>७५,८१५ ।<br>४,००० ।<br>८,०००।<br>१०,०००।<br>१०,०००।<br>१,०७,८१५। | जम्मा रकम एक लाख, सात हजार, आठ सय पन्ध्र । |
| २ | घाँसे मेला, वडा नं. ८ | ५० हजार | |
| ३ | ताजिया पर्व (मुश्लिम समुदाय) | १० हजार | |
| ४ | अनन्त | ४ हजार | |
| ५ | मूक्त कमैया स्कूल, विजयनगरको वार्षिक उत्सब कार्यक्रम | २०,०००। | |

**निर्णय नं. ६ :-** वडा नं २, वडा कार्यालयको कार्यालय संचालन आफ्नै प्रशासनिक भवनबाट भएकोमा हाल उक्त कार्यालय भवन साँगुरो र जिर्ण भएकोले नयाँ संरचना निर्माण गर्नुपर्ने भई घर भाडामा लिनुपर्ने भएको र आ.व. ०७५/०७६ का लागि प्रतिमहिना घरबहाल रकम रु. ८ हजारका दरले विनियोजन गरिएकोमा उक्त दररेटमा सूचना प्रकासन गर्दा घर बहालमा उपलब्ध गराउनका लागि कूनै पनि आवेदन प्राप्त हुन नआएकोले वडा नं. २ को घर बहालका लागि कायम गरिएको प्रति महिना रु. ८ हजारको सीमालाई बृद्धि गरी रु. १२ हजार (घरबहाल कर सहित) कायम गर्ने ।

**निर्णय नं. ७ :-** यस नगरपालिका भित्रका केहि वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा च्यानल गेट तथा छाना मर्मत गर्नुपर्ने भएकोले मर्मत सम्भार कोषबाट उक्त कार्यहरु गर्ने ।

**निर्णय नं.८** :- २०७५ सालको वर्षायाममा आएको बाढीका कारण कर्णाली नदीले वडा नं. ५ शाहीपुर स्थित नदिको तट/स्थानमा कटान गरेको र उक्त कटानका कारण शाहीपुर गाउँ लगायत अन्य वडाहरुमा समेत नदि पसी ठूलो विपद्जन्य जोखिम हुने खतरा भई केहि दिन सम्म श्रमदान गरिएको साथै पछि थप जनशक्ति प्रयोग गर्नुपर्ने देखिएकोले दैनिक ज्यालादारीमा काम लगाईएकोमा उक्त कार्यको भुक्तानी हुन छुट भएको पाईएकोले सो कार्यमा खर्च भएको रकम रु.३१,८००।- (एक्तीस हजार , आठ सय मात्र) उपलब्ध गराउने निर्णय गरियो ।